apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १०५ ● पृष्ठः ४ ● २० वैशाख २०८३ आइतबार (03 May 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




११० कानुन संशोधन गर्ने अध्यादेश जारी, कुन-कुन निकायका पदाधिकारीहरू हुँदैछन् पदमुक्त

# बाढीले कमला नदीको 'डाइभर्सन' बगाएपछि सिरहा-धनुषा आवतजावत ठप्प

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख १९ गते**



हुलाकी सडक अन्तर्गत सिरहा धनुषा जोड्ने कमला नदीमा आवागमन सहजताका लागि बनाइएको डाइभर्सन सामान्य वर्षाले बगाउँदा आवतजावत ठप्प भएको छ।

पुलको पुन:निर्माण नसकुञ्जेलका लागि पछिल्लो माघमा करिब एक करोड १४ लाख रुपैयाँ खर्चिएर बनाइएको बालुवाको अस्थायी डाइभर्सन वर्षाले बगाउँदा शनिबार बिहानैदेखि हलुका सवारी साधन, मोटरसाइकल दिनभर वारी पारी रोकिन बाध्य भएको स्थानीय बिकी यादवले बताए। पुन:निर्माण भइरहेको क्षतिग्रस्त पुलको पूर्वी भागबाट बनाइएको डाइभर्सनको धनुषातर्फको तेस्रो पाया नजिकबाट आएको बाढीले बगाएको उनले बताए। पछिल्लो साता पनि बाढीले बगाएको डाइभर्सन मर्मत गरेर आवागमन सुचारु गरिएको थियो।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले निरन्तर वर्षा र कमला नदीमा पानीको बहाव बढेकाले अस्थायी संरचना क्षतिग्रस्त हुँदा आवागमन रोकिएको बताए। धनुषातर्फ बाढीको बहाव उच्च रहेकाले पानीको सतह घटेपछि मर्मत गरेर पुन: आवागमन सुचारु गरिने उनले बताए।

कमला पुलको पुन:निर्माण सम्पन्न नहुँदा धनुषातर्फका जनकनन्दनी गाउँपालिका र कमला नगरपालिका अन्तर्गत पर्ने सघारा, टडिया, लक्कड, बडेर्वा, लगमा, पतनुका, बनरझुला, फूलबरिया तथा सिरहा नगरपालिका अन्तर्गत बसबिट्टा, बडेर्वा, मानपुर, खरसलवाका बासिन्दालाई बस्तुभाउ चराउन, घाँसपात गर्न, दैनिक किनमेल, हाटबजार, आर्थिक कारोबारका लागि ठूलो कष्ट भइरहेको स्थानीय गंगाराम साहको गुनासो छ।

५ मंसिरमा स्थलगत अनुगमनमा आएका तत्कालीन भौतिक पूर्वाधार मन्त्री कुलमान घिसिङ्ले कमला पुलको विषयमा गम्भिर रुपले छलफल गरी प्राविधिक, व्यवस्थापकीय र ठेकेदार

बाँकी पृष्ठ ३

# गैरकानूनी हस्तक्षेप बन्द गर्न प्रधानमन्त्री शाहसँग मौलापुरकी मेयर रिना साहको माग

**अपन दैनिक संवाददाता**
**रौतहट, वैशाख १९ गते**



रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले नगरपालिकामा गैरकानूनी हस्तक्षेप तुरुन्त बन्द गर्न प्रधानमन्त्री वालेन्द्र शाह (वालेन)लाई आग्रह गरेकी छन्। संविधान र कानून अनुसार पालिकाहरुलाई काम गर्न दिनुपर्ने माग समेत उनले गरेकी छन्।

'यदि सम्पूर्ण सरकारहरू संविधान र कानुनप्रति जवाबदेही छ भने, नेपाल सरकार, विशेषगरी सम्माननीय प्रधानमन्त्रीज्यूलाई विशेष आग्रह गर्न चाहन्छु, मौलापुर नगरपालिकामा भइरहेको गैरकानुनी हस्तक्षेप तुरुन्त बन्द गरियोस् र कानुनअनुसार कार्य गर्न निर्देशन दिइयोस्,' मेयर साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेकीछन्।

नगरपालिकाको लोकप्रिय कार्यक्रमहरुलाई अवरुद्ध गर्न भइरहेको चलखेलप्रति ध्यानाकर्षण भएको जनाउँदै मेयर साहले विशेषगरी 'फ्री बिजुली, फ्री पानी' तथा 'छोरीसँग मेयर कार्यक्रम'को भुक्तानी विरुद्ध भइरहेको गतिविधि सामान्य नभएको जनाएकी छन्।

'मेरो नगरवासीले मन पराएको तथा सम्पूर्ण देशवासीले सराहेको यो 'फ्री बिजुली, फ्री पानी'

बाँकी पृष्ठ ४

# कमला बगरमा तरबुजा खेतीबाट आयआर्जन गर्दै गरिब दलित परिवार

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख १९ गते**



सिरहा र धनुषा जोड्ने कमला नदीको बगरको तरबुजा खेती स्थानीय गरिब दलितहरूका लागि आयआर्जनको भरपर्दो माध्यम बनेको छ। वैशाखको पहिलो सातादेखि खानयोग्य भएपछि तरबुजा बिक्री गरेर गरिब दलित परिवारले तीन-चार महिनाको घरखर्च चलाउने र कर्जा तिर्दै आएका छन्।

कमला किनारसँगै टाँसिएको पूर्वी धनुषाको सबैला नगरपालिका-४ पटेर्वाका करिब ५१ वर्षीय नन्दा मुखिया भन्छन्, 'गाउँका छरछिमेकले बगरमा तरबुजा फलाएर आम्दानी गरेको देखेर पहिलोपटक खेती गरेको हुँ। बगरको करिब पाँच कट्ठामा रोपेको तरबुजा वैशाखको दोस्रो सातासम्म ४० हजार रुपैयाँको बिक्री गरिसकेँ।' अब करिब ५० हजार रुपैयाँसम्मको बिक्री गर्न बाँकी रहेको उनले बताए। पटेर्वा गाउँछेउको कमलाको बगरमा स्थानीय करिब ६० घरधुरी दलित गरिबहरूले तरबुजा, लौका, काँक्रा खेती गरिरहेको उनले सुनाए।

उनकै छिमेकी ५३ वर्षीय सुखचैन मुखियाले भने, 'पछिल्लो सात वर्षदेखि बगरमा तरबुजा फलाएर बेच्दै आएको छु।' पछिल्लो वर्ष सबैभन्दा बढी करिब दुई लाख रुपैयाँको तरबुजा बिक्री गरेको सुनाउँदै उनले भने, 'यो वर्ष करिब एक बिघा खेती गरेको छु। तर, फुल्ने वेलामा पूर्वतिरबाट हावा बहेकाले त्यति राम्रो सप्रिएन।' तरबुजा खेतीमा बिउ, सिँचाइ, मलसहित प्रतिबिघा करिब ५० हजार लगानी गर्नुपर्ने जानकारी दिँदै उनले थपे, 'गरिबसँग त्यति रकम नहुने भएकाले ऋण लिएर खेती गर्छौं।'

बाँकी पृष्ठ ४

# साना तथा टुक्रे योजनालाई निरुत्साहित गर्नेगरी बजेट ल्याउने मधेश सरकारको तयारी

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख १९ गते**



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया तीव्र बनाएको छ। प्रदेशको अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयसँग आवश्यक योजना र कार्यक्रमको विवरण माग गर्दै बजेट निर्माणको तयारी तीव्र बनाएको हो।

यसपटक मधेश सरकारले विगतका अनुभवलाई आधार बनाएर बजेटको आकार घटाउने रणनीति लिएको छ। हरेक वर्ष आयस्रोतको यथार्थ मूल्याङ्कन नगरी अनुमानकै भरमा ठुलो आकारको बजेट ल्याउँदा कार्यान्वयनमा समस्या देखिएको, बजेट घाटा बढेको र धेरै योजना अधुरै रहने अवस्था दोहोरिएकाले यसपटक व्यावहारिक बजेट निर्माणमा जोड दिइएको हो।

प्रदेशका अर्थमन्त्री महेश यादवले बजेट निर्माणका लागि सम्बन्धित मन्त्रालयहरूलाई बजेट सीमा निर्धारणको प्रक्रिया अघि बढाइएको बताए। उनका अनुसार आगामी बजेट खर्च गर्न सकिने र कार्यान्वयनयोग्य योजनामा केन्द्रित हुनेछ।

चालु आर्थिक वर्षका लागि मधेश सरकारले करिब ४७ अर्ब रुपैयाँ बराबरको बजेट ल्याएको थियो, तर आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाएर बढीमा ३२ अर्ब रुपैयाँमा सीमित गर्ने तयारी गरिएको छ। उनका अनुसार बजेटको आकारभन्दा पनि कार्यान्वयनको प्रभावकारितालाई प्राथमिकता दिइनेछ।

अर्थमन्त्री यादवले भने, 'आगामी बजेटमा साना तथा टुक्रे योजनालाई निरुत्साहित गरिनेछ। प्रदेश सरकारले सम्पन्न गर्न सकिने ठुला र मझौला योजनालाई मात्रै प्राथमिकतामा राख्ने नीति लिएको छ।'

बाँकी पृष्ठ ३




# 'जिल्ला समन्वय समितिलाई स्रोत साधन सम्पन्न र स्पष्ट जिम्मेवारी दिनुपर्छ'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख १९ गते**

जिल्ला समन्वय समिति (जिसस) लाई साधनस्रोत सम्पन्न र स्पष्ट जिम्मेवारी दिइनुपर्नेमा माग गरिएको छ।

जिल्ला समन्वय समिति महासंघले शनिबार आयोजना गरेको कार्यक्रममा वक्ताहरूले समन्वय समितिबारे संविधानमा व्यवस्था गरिए पनि स्पष्ट काम, कर्तव्य र अधिकारको व्यवस्था तथा साधनस्रोत सम्पन्न नहुँदा कार्यसम्पादनमा समस्या भन्दै प्रष्ट व्यवस्था गर्न माग गरेका हुन्।

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले समन्वय समितिसम्बन्धी व्यवस्थालाई थप प्रस्ट पारेर जाने गरी संवैधानिक सुधार एवं कानुनी व्यवस्था गरिनुपर्ने बताए। उनले हाल संविधानज संशोधनको विषयबारे चर्चा सुरु भएको उल्लेख गर्दै समन्वय समन्वय समितिलगायत विषयमा थप प्रस्ट व्यवस्था गरिनुपर्ने र त्यसका लागि आफ्नो पार्टीले पहल गर्ने प्रतिबद्धता जनाए।

कांग्रेस महामन्त्री गुरुराज घिमिरेले संविधान एवं कानुनमा समन्वय समिति राख्ने तर अधिकार एवं साधनस्रोत नदिने विषय राम्रो नभएको बताए। उनले स्थानीय तहबाट सम्पादन हुने कामबारे अनुगमन गर्ने र गलत कार्य भएमा रोक्न सक्ने गरी समितिलाई सशक्त बनाइनुपर्नेमा जोड दिए।

बाँकी पृष्ठ २

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# मधेशमा आत्महत्याले विकराल रूप लिँदै, गम्भीर सामाजिक संकट उत्पन्न




पछिल्लो केही वर्षदेखि मधेश प्रदेशमा आत्महत्याले विकराल रूप लिएको छ। मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार प्रदेशमा आत्महत्याको अवस्था गम्भीर समाजिक संकटको रूपमा देखा परेको छ। प्रहरीको तथ्यांकअनुसार मधेशमा दैनिक औसत ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको देखाएको छ। यसरी दैनिक रूपमा ३ देखि ४ जनाको आत्महत्या हुनु सामान्य समस्या नभई गम्भीर सामाजिक संकटका रूपमा विकसित भइरहेको जानकारहरू बताउँछन्।

पछिल्ला तीन वर्षमा मात्र मधेशमा ३ हजार ३४८ जनाले आत्महत्या गरेका छन्। चालु आर्थिक वर्षमै ७९३ जनाले ज्यान गुमाइसकेका छन्। आत्महत्या गर्ने मध्ये पुरुष २८२ पुरुष, महिला ३०४ महिला र २०७ बालबालिका रहेका छन्। २०७ बालबालिका मध्ये १७२ बालिकाले आत्महत्या गरेको प्रहरी तथ्यांकमा उल्लेख छ। यसरी बालबालिकाको बढ्दो आत्महत्याको तथ्यांकले झन् चिन्ताजनक अवस्था उजागर गरेको छ।

चालु आर्थिक वर्षमा सबैभन्दा बढी सिरहामा १३४ जना र सबैभन्दा कम पर्सा जिल्लामा ६९ जनाले आत्महत्या गरेका छन्। त्यसैगरी, धनुषामा ११२, सर्लाहीमा १११, रौतहटमा १०९ जना रहेका छन्। प्रहरीका अनुसार सप्तरीमा ८८, महोत्तरीमा ७७ र बारामा ९३ जनाले आत्महत्या गरेका छन्।

आर्थिक वर्ष २०८१-०८२ मा १ हजार २६१ जनाले आत्महत्या गरेका थिए। त्यसमध्ये ४७८ पुरुष, ४७२ महिला र ३११ बालबालिका थिए। प्रहरीकाा अनुसार २४६ बालिका थिए। त्यस वर्ष सबैभन्दा बढी धनुषामा २०७ र सबैभन्दा कम पर्सा १०९ घटना दर्ता भएका थिए।

आर्थिक वर्ष २०८०-०८१ मा १ हजार २९४ जनाले आत्महत्या गरेका थिए। यसवर्ष पुरुषको संख्या बढी (५५६) रहेको छ भने महिला ४७० र बालबालिका २६८ रहेका छन्। बालबालिकामध्ये २०१ बालिका थिए। सर्लाहीमा सबैभन्दा बढी २०६ र सप्तरीमा सबभन्दा ११७ जनाले आत्महत्या गरेका छन्।

मधेश प्रदेशमा आत्महत्या दुरुत्साहनसँग सम्बन्धित घटनामा पनि प्रहरी सक्रिय देखिएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्ला तीन वर्षमा ४९९ जनालाई पक्राउ गरी मुद्दा चलाइएको छ। चालु आर्थिक वर्षमा ११४, आर्थिक वर्ष २०८१-०८२ मा १८८ र २०८०-०८१ मा १९७ जनालाई कारबाही गरिएको मधेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थापालियाले जानकारी दिए।

मधेशमा आत्महत्याको मूल कारण बहुआयामिक रहेको जानकारहरू बताउँछन्। बेरोजगारी, आर्थिक अभाव, पारिवारिक विवाद, मानसिक तनाव, दाइजो प्रथा, घरेलु हिंसा तथा प्रेम सम्बन्धसँग जोडिएका सामाजिक अवरोध प्रमुख कारकका रूपमा देखिएका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसन्धान अधिकृत अर्जुन खतिवडाका अनुसार पुरुषहरूमा बेरोजगारी, वैवाहिक सम्बन्धमा तनाव, लागुऔषध तथा मदिरा सेवन प्रमुख कारण हुन् भने महिलाहरूमा दाइजो प्रथा, घरेलु हिंसा र मानसिक दबाब मुख्य समस्या रहेका छन्।

बालबालिका र किशोर किशोरीहरूमा पनि आत्महत्या दर बढ्दो छ। कम उमेरमै प्रेम सम्बन्धमा पर्ने, परिवारबाट अस्वीकार हुने, जबर्जस्ती विवाह गरिने जस्ता कारणले उनीहरू गम्भीर मानसिक तनावमा पर्ने गरेका छन्। यसबाहेक लागुऔषध प्रयोग र सामाजिक सञ्जालको दुरुपयोग पनि महत्त्वपूर्ण कारणका रूपमा देखिएको छ।

मानवले किन आत्महत्या गर्छन् भन्ने प्रश्नमा दिल्लीको एमिटी विश्वविद्यालयमा मनोचिकित्सा शास्त्रमा अध्यनरत खुश्बु खातुनले भनिन्, 'आत्महत्याको कुनै एउटै कारण हुँदैन। व्यक्तिपछिच्छे फरक करणहरू हुन्छ। तर, साझा कारण के हो भने जब मानवमा नकारात्मक शक्ति हाबी हुन्छ उसले समस्याको समाधानको सही बाटो मृत्यु नै भनेर सोचेपछि आत्महत्या गर्न पुग्छन्।'

पुरुषाभन्दा महिलाले बढी आत्महत्या गर्ने गरेको उल्लेख गर्दै उनले भनिन्, 'आत्महत्याको प्रयास बढी महिलाले गर्छिन। तर, पछि महिलाहरू डराएर त्यो बाटोबाट भाग्छिन। तर, पुरुषहरूले हतपती आत्महत्या गर्दैनन्। गरेपछि उनीहरू सिघा आत्महत्यालाई मूर्त रूप दिनपुग्छन्।'

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले आत्महत्या प्रदेशको गम्भीर सामाजिक चुनौती बनेको स्वीकार गरेका छन्। उनका अनुसार आर्थिक, पारिवारिक र मानसिक समस्याको संयुक्त प्रभावका कारण यस्तो अवस्था आएको हो। 'यसलाई न्यूनीकरण गर्न स्थानीय तहको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ,' उनले भने, 'मनोपरामर्श, जनचेतना र समुदायस्तरको सहकार्य अत्यावश्यक छ।'

विद्यालयस्तरदेखि नै मानसिक स्वास्थ्य शिक्षा, समुदायमा मनोविमर्श कार्यक्रम, सडक नाटक, वृत्तचित्र तथा अन्तर्क्रिया कार्यक्रममार्फत जनचेतना फैलाउनुपर्नेमा जोड दिइएको छ।

## सम्पादकीय...

### प्रमुख प्रशासकीय अधिकृत पठाउ

सिरहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत विहिन बनेको छ। प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनु लामो समयदेखि अनुपस्थितिले कर्मचारी र जनप्रतिनिधिबीचको विवाद र कार्यालयभित्रै असुरक्षाको वातावरणले सेवा प्रवाह ठप्प झैं बनेको छ। यसको प्रत्यक्ष मार सर्वसाधारण नागरिकमाथि परेको छ। जसले आधारभूत सेवा पाउन समेत संघर्ष गर्नुपरेको अवस्था सिर्जना भएको छ। स्थानीय तह सरकारको सबैभन्दा नजिकको संरचना हो। जहाँ नागरिकले सहज र छिटो सेवा पाउने अपेक्षा राख्छन्। सिरहा नगरपालिकामा भएको घटनाक्रमले नागरिकलाई सहज रुपमा सेवा पाउने वातावरणमा रोक लगाएको जस्तै छ। कार्यालय समयको निगरानी जस्तो सकारात्मक कदमसमेत विवादको कारण बन्नु र त्यसकै आडमा कर्मचारीमाथि हातपातजस्ता घटना हुनु अत्यन्त दुःखद र अस्वीकार्य विषय हो। यस्तो वातावरणमा कुनै पनि कर्मचारीले सुरक्षित महसुस नगर्नु स्वाभाविक हो। तर त्यसलाई बहाना बनाएर जिम्मेवारीबाट टाढा बस्नु समाधान होइन।

प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनु जस्तो जिम्मेवार पदमा रहेका व्यक्तिको कार्यालयमा अनुपस्थित रहनु संस्थागत कामकारबाहीलाई ठप्प पार्ने गम्भीर कार्य भएको छ। बजेट विनियोजन भएर पनि टेण्डर प्रक्रिया अघि बढ्न नसक्नु, योजनाहरू कार्यान्वयन हुन नसक्नु र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रमा औषधि अभाव हुनु प्रशासनिक असक्षमताको स्पष्ट संकेत हो। यस्तो अवस्था दीर्घकालीन रूपमा रहिरह्यो भने आर्थिक वर्षको अन्त्यसम्म कैयौं योजना अधुरै रहने निश्चित छ। त्यही भएर दोषारोपणको सट्टा समाधानमा केन्द्रित हुनुपर्छ। सम्बन्धित सबै पक्ष-जनप्रतिनिधि, कर्मचारी र संघीय सरकारबीच तत्काल समन्वय हुनुपर्छ। कार्यालयभित्रको असुरक्षा हटाउन कडा कदम चालिनुपर्छ। दोषीमाथि कारबाही हुनुपर्छ र कर्मचारीलाई सुरक्षित वातावरणमा काम गर्ने सुनिश्चितता दिनुपर्छ।

प्रमुख प्रशासकीय अधिकृतलाई आफ्नो जिम्मेवारीमा फर्किन प्रेरित वा आवश्यक परे प्रतिस्थापनको प्रक्रिया अघि बढाउनुपर्छ। सिरहा नगरपालिकामा देखिएको अराजकता अन्त्य गर्दै सेवा प्रवाहलाई नियमित बनाउनु आजको प्रमुख आवश्यकता हो। नागरिकको अधिकार सुनिश्चित गर्नु राज्यको पहिलो कर्तव्य हो। त्यसबाट कुनै पनि हालतमा पछि हट्न मिल्दैन। यदि स्थानीय सरकार नै निष्क्रिय रहन्छ भने लोकतन्त्रको आधार नै कमजोर हुन्छ। त्यसैले अब ढिलाइ नगरी जिम्मेवार निकायहरूले हस्तक्षेप गर्दै सुशासनको मार्गमा फर्कनु अपरिहार्य भइसकेको छ। यसमा सिरहा नगरपालिकाका निर्वाचित जनप्रनिधि र कार्यालयमा कार्यरत कर्मचारीवीचमा आवश्यक समन्वय हुनुपर्छ। जसले गर्दा सिरहा नगरपालिकाको सेवा प्रवाहलाई समय सापेक्ष हिसाबले चुस्त दुरुस्त बनाएर अघि वढ्न सकिन्छ। चालू आर्थिक वर्ष २०८२/०८३ सकिन अब धैरै समय बाँधी छैन। यसैले यस गम्भीरतालाई बुझेर नै अघि वढ्नुपर्छ र संघीय सरकारले पनि प्रमुख प्रशासकीय अधिकृतको विषयमा आवश्यक निर्देशन दिई समाधान दिनुपर्छ।

## 'जिल्ला समन्वय समितिलाई स्रोत साधन .........

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का नेता प्रदीपकुमार ज्ञवालीले जिससससम्बन्धी व्यवस्थाबारे विगतमा त्रुटि भएको स्वीकार गर्दै अब सुधार गरेर अघि बढ्नुपर्ने धारणा राखे। तत्कालीन जिल्ला विकास समिति महासंघका संस्थापक अध्यक्ष कृष्णलाल सापकोटाले जिससको आवश्यकता अझै रहेकाले आवश्यक कानुनी सुधार गरिनुपर्नेमा जोड दिए।

कार्यक्रमको समूह छलफलमा संविधानविद् काशीराज दाहाल, पूर्वसचिव एवं राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त कृष्णहरि बास्कोटा र विकास तथा सुशासन अनुसन्धान केन्द्रका अध्यक्ष डा हेमराज लामिछानेले जिससको आवश्यकताबारे चर्चा गर्दै यसलाई थप बलियो बनाउनुपर्नेमा जोड दिएका थिए।

जिससलाई साधन स्रोत र जनशक्ति सम्पन्न बनाएर अनुगमन एवं अख्तियारको दुरुपयोग जस्ता विषयमा काम गर्ने अधिकार पनि दिन सकिने उनीहरूको भनाइ थियो। कार्यक्रममा जिसस महासंघका अध्यक्ष राजन मेहता, महासचिव अशोककुमार घिमिरे, जिसस काठमाडौंका प्रमुख सन्तोष बुढाथोकी, उपप्रमुख शान्ति पाण्डेलगायतले जिससलाई स्पष्ट जिम्मेवारी तोकेर अधिकारसम्पन्न बनाउन पहल गरिनुपर्ने बताए।

## आजको राशिफल

**मेष** : कार्यक्षेत्रमा केही चुनौतीहरू आउन सक्छन्, तर तपाईंको धैर्यताले गर्दा ती समस्याहरू समाधान हुनेछन्।

**बृष** : आजको दिन पराक्रम बढ्नेछ। साथीभाइ र दाजुभाइको सहयोगले अधुरा रहेका कामहरू पूरा हुनेछन्।

**मिथुन** : घरमा मांगलिक कार्यको योजना बन्न सक्छ। विद्यार्थीहरूका लागि आजको दिन निकै फलदायी रहनेछ।

**कर्कट** : आज तपाईंको व्यक्तित्वमा निखार आउनेछ। बोलीको प्रभावले अरूलाई आकर्षित गर्न सकिनेछ।

**सिंह** : अनावश्यक खर्चको योग छ। आयस्रोत भन्दा खर्चको मात्रा बढ्न सक्छ।

**कन्या** : सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ। आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्।

**तुला** : पद प्रतिष्ठा प्राप्त हुने सम्भावना छ। कार्यक्षेत्रमा उच्च अधिकारीहरूको प्रशंसा पाइनेछ।

**वृश्चिक** : आजको दिन भाग्यको साथ रहनेछ। लामो समयदेखि रोकिएको काम बन्नेछ।

**धनु** : स्वास्थ्यमा केही समस्या आउन सक्छ, विशेषगरी पेटसम्बन्धी समस्याबाट बच्न खानपानमा ध्यान दिनुहोला।

**मकर** : आज तपाईंको दिन सुखद छ। वैवाहिक जीवनमा मधुरता छाउनेछ।

**कुम्भ** : शत्रुहरू परास्त हुनेछन्। कानुनसम्बन्धी विवाद वा समस्याहरूबाट मुक्ति मिल्नेछ।

**मीन** : सन्तानबाट सुख प्राप्त हुनेछ। नयाँ रचनात्मक कार्यमा मन जानेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

**बालअधिकार सुनिश्चित गरौं**

बालअधिकार:
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

त्यसैले,
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

"आजका बालबालिका, भोलिका कर्णधार"

सखुवानन्कारकट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सखुवानन्कारकट्टी
मधेश प्रदेश, सिरहा (नेपाल)

# कमला बचाऊ अभियानअन्तर्गत 'कमला महिमा संवाद यात्रा'

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख १९ गते**

कमला बचाऊ अभियानअन्तर्गत हरेक साता सञ्चालन गरिँदै आएको 'कमला महिमा आध्यात्मिक एवं पर्यावरणीय संवाद यात्रा' शुक्रबार साँझ सिरहाको पश्चिमवर्ती कर्जन्हा नगरपालिका-७, ठुलो टोल मरेवा घाटमा आयोजना गरिएको छ।



कमलातटीय क्षेत्रमा पर्ने ठुलो टोल मरेवास्थित कमला-सीताघाटमा आयोजना हुने भनिएको यात्रा मौसम प्रतिकूलताको कारण मरेवा बजारस्थित छठघाट (पोखरी परिसर)मा स्थानान्तरण गरी कमला आरती गरिएको थियो।

स्थानीय प्रभात महतोको अध्यक्षता तथा सिरहा क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य तपेश्वर यादवको उपस्थितिमा जनकपुरधामस्थित गंगासागरका पण्डित अजय झाले कमला आरती गरेका थिए।

पछिल्लो समय क्रसर तथा गिट्टी, बालुवा व्यवसायीहरूले कमला नदीका विभिन्न ठाउँमा उत्खनन गर्दा नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै धार परिवर्तनले बर्सेनि तटीय क्षेत्रका बासिन्दाले संकट झेल्दै आएका छन्। अभियानका अनुसार नदीको अनियन्त्रित दोहन रोक्न सरोकारवालाहरूलाई दबाब दिन र कमलाको धार्मिक, पर्यावरणीय महत्त्वबारे स्थानीयलाई बुझाउँदै संरक्षणमा योगदान पुऱ्याउन अभियान थालिएको हो।

अभियानका संयोजक विक्रम यादवका अनुसार संवाद यात्राको क्रममा कमला नदीको संरक्षण, पर्यावरणीय सन्तुलन तथा धार्मिक तथा सांस्कृतिक महत्त्वबारे स्थानीयसँग छलफल हुँदै आएको छ। 'कमला नदीको संरक्षण, स्वच्छता र धार्मिक महत्त्वलाई जनस्तरसम्म पुऱ्याउने उद्देश्यले हरेक साताको शुक्रबार संवाद यात्राको क्रमलाई निरन्तरता दिइएको छ,' उनले भने।

# अवैध रूपमा भारततर्फ लगिएको ६ हजार किलो स्याउ सीमाबाट बरामद



**अपन दैनिक संवाददाता**
**महोत्तरी, वैशाख १९ गते**

महोत्तरीमा नेपाल-भारत सीमा क्षेत्रबाट अवैध रूपमा भारततर्फ लैजान लागेको ६ हजार किलो स्याउ बरामद भएको छ। सशस्त्र प्रहरी बल नेपालले शनिबार महोत्तरीको मनराशीसवा नगरपालिका-२ स्थित सीमा क्षेत्रबाट ६ हजार ९ किलो स्याउसहित तीन वटा पिकअप गाडी नियन्त्रणमा लिएको जनाएको छ।

सशस्त्र प्रहरी बल नेपालमा सहायक प्रवक्ता सशस्त्र प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाले स्याउ बोकेका प्रदेश ०२-०२-००१ च ०७२२, प्रदेश १-०४-००१ च ०४१४ र मधेश प्रदेश ०४-००१ च ०३८० नम्बरका तीन वटा गाडी फेला परेको जनाएका छन्।

उनका अनुसार ती गाडीमा ३४५ कार्टुनमा ६ हजार ९ किलोग्राम स्याउ बरामद भएको हो। बरामद गाडी तथा स्याउ आवश्यक कारवाहीका लागि भन्सार कार्यालयमा बुझाउने प्रक्रिया चलिरहेको सशस्त्र प्रहरीले जनाएको छ।

## बाढीले कमला नदीको 'डाइभर्सन' बगाएपछि ............

कसको कारणले समस्या भएको भन्ने खोजी गरिने बताएका थिए। त्यस लगत्तै हुलाकी राजमार्ग निर्देशनालय जनकपुरधामले पुलको पुनःनिर्माण नहुञ्जेल आवागमन सहजताका लागि टेण्डरमार्फत निर्माण गरेको अस्थायी डाइभर्सन पटक पटक सामान्य वर्षामा समेत बगाउँदा स्थानीयले सास्ती झेल्दै आएका छन्।

**पटक पटक म्याद थप, सुस्त गतिमा पुनःनिर्माण**

तराई-मधेशको लाइफलाइनको रुपमा रहेको हुलाकी सडकमा पर्ने कमला पुल निर्माणका लागि ३१ जेठ २०६८ मा पप्पु लुम्बिनी जे.भि.ले भ्याटसहित २४ करोड ९० लाख ९७ हजार दुई सय रुपैयाँमा ठेक्का लिएको थियो। सम्झौता बमोजिम पुल निर्माण २०७१ को मंसिरमा सम्पन्न हुनुपर्ने भएपनि तोकिएको समयमा पुल निर्माण हुन नसकेपछि गत असारसम्मका लागि आठौं पठक म्याद थपिएको थियो।

निर्देशनालयका अनुसार कुल चार सय ६९.२ मिटर लामो पुलको निर्माण व्यवयासीले नै डिजाइन गरी निर्माण गर्ने मोडलमा ठेक्का सम्झौता भएको थियो।

पुल निर्माणसँगै नदीको दुवै किनारतर्फ १३०० मिटर नदी नियन्त्रण र दुई सय मिटर पहुँच सडक निर्माण गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ। १७ असार २०७८ मा कमला नदीमा आएको बाढीले पुलको सिरहातर्फ दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेपछि क्षति भएकामध्ये दुईवटा हटाइएको छ भने दुईवटा हटाउकन बाँकी रहेको निर्माण कम्पनीका साइट इञ्जिनियर सूर्यप्रकाश शर्माले जानकारी दिए। उनका अनुसार मनसुनी वर्षा अगावै धनुषातर्फ धसेको पायर उकास्ने कामसहित बाँकी रहेको तीन वटा फाउण्डेशनको काम सिध्याउने लक्ष्यसहित काम भइरहेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

# विद्यालयको स्वर्ण जयन्तीमा योगदान गर्नेहरुलाई सम्मान

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख १९ गते**

धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरस्थित लक्ष्मी माध्यमिक विद्यालयले ५० औं वर्ष पूरा गरेको अवसरमा आफ्नो स्वर्ण जयन्ती मनाएको छ। सो अवसरमा विद्यालयमा योगदान गर्नेहरुलाई सम्मान गरिएको छ।




विद्यालयका २०६७ देखि २०८२ सालसम्मका एसएलसी तथा एसईई उत्तीर्ण पूर्व विद्यार्थीहरू, पूर्व विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा नागरिक समाज र आर्थिक सहयोग प्रदान गरेका व्यक्तिहरूलाई दोसल्ला तथा प्रमाणपत्र प्रदान गरी विद्यालयले सम्मान गरेको हो।

समारोहमा प्रतिनिधि सभा सदस्य राजकिशोर महतो, प्रदेश सभा सदस्य द्वय हरिनारायण महतो र शारदा पहाडी, गाउँपालिका अध्यक्ष रामअशिष महतोले सम्मानित हुनेहरुलाई दोसल्ला ओढाउनुको साथै सम्मानपत्र हस्तान्तरण गरेका थिए।

समारोहमा प्रतिनिधि सभा सदस्य राजकिशोर महतोले शिक्षा नै समृद्ध समाज निर्माणको मुख्य आधार भएको बताए। ग्रामीण क्षेत्रमा रहेको यस विद्यालयले पाँच दशकसम्म निरन्तर शैक्षिक सेवा प्रदान गर्नु गौरवको विषय भएको बताउँदै उनले अबको समय गुणस्तरीय, व्यवहारिक र प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्ने बताए।

विद्यालयको भौतिक तथा शैक्षिक विकासका लागि आफ्नोतर्फबाट आवश्यक सहयोग रहने उनको प्रतिबद्धता थियो।

विद्यालयका प्रधानाध्यापक अशोकुमार ठाकुरले वि.सं. २०३२ सालमा स्थापना भएको यस विद्यालयले माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्दै ५० वर्षको गौरवमय यात्रा पूरा गर्दा विद्यालयले हजारौं दक्ष जनशक्ति उत्पादन गरिसकेको बताए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावक, पूर्व विद्यार्थी तथा नागरिक समाजलगायतको सहभागिता रहेको थियो। विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए।

## भूमिसुधार तथा मालपोत कार्यालय, सिरहा

**हकदावी सम्बन्धी ३५ दिने सूचना।**

जिल्ला सिरहा साविक गा.वि.स. असनपुर वार्ड न. ६ हाल गोलबजार न.पा. वार्ड नं. ४ बस्ने सन्तोष देवीको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेख जग्गामा ऐ.ऐ. बस्ने धन बहादुर क्षेत्री मोही रहेको जग्गा मोहीले कहिल्यै खनजोत नगरी म जग्गाधनीले जोत कमोट गरि हक भोग गर्दै रहेको उक्त जग्गाबाट मोही धन बहादुर क्षेत्री नामको दुषित मोही लगत कट्टा गरी पाउँ भन्ने व्यहोराको जग्गाधनीको मर्दा निजको हकदारको माग निवेदन अनुसार यो सूचना प्रकाशन गरिएको छ, उक्त जग्गामा कसैको मोही हक लाग्ने भए, सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र भएका प्रमाण कागजात समेत लिई हाजिर हुन आउनु होला अन्यथा कानुन बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा यसै सूचना मार्फत जानकारि गराईन्छ।

**तपसिल**

| गा.वि.स./न.पा | वडा नं. | सा.कि. नं. | हाल कि.नं. | क्षेत्रफल | ज.ध | मोही |
|---|---|---|---|---|---|---|
| असनपुर | ६ क | - | ३०५९ | ०-०-८-६ | सन्तोष देवी | धन बहादुर क्षेत्री |

## साना तथा टुक्रे योजनालाई निरुत्साहित ..............

यसअनुसार कम्तीमा एक करोड रुपैयाँभन्दा माथिका योजनाहरू मात्रै बजेटमा समावेश गर्ने तयारी भइरहेको उनले बताए।

प्रदेश अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले प्रदेशको आर्थिक कार्यविधि नियमावलीअनुसार प्रारम्भिक राजस्व प्रक्षेपण संघीय अर्थ मन्त्रालय र वित्त आयोगसमक्ष पेस गरिसकिएको जानकारी दिए। बजेट मार्गदर्शन तथा बजेट सीमाको मस्यौदा तयार भइसकेको र त्यसमा आवश्यक छलफलसमेत सुरु भइसकेको उनले बताए। छलफल प्रक्रिया सम्पन्न भएपछि आगामी हप्तादेखि मन्त्रालयहरूलाई बजेट सीमा पठाइने तयारी रहेको मन्त्रालयले जनाएको छ।

यसैबिच, स्थानीय तहसँगको अन्तरवित्तीय हस्तान्तरण प्रणालीमा पनि परिवर्तन गर्ने तयारी गरिएको छ। विगतमा स्थानीय तहलाई सिधै अनुदान रकम विनियोजन गर्दा योजना कार्यान्वयनमा ढिलाइ, अपारदर्शिता र भुक्तानीमा समस्या देखिएकाले आगामी आर्थिक वर्षदेखि नयाँ प्रणाली लागु गर्ने तयारी भएको हो।

अब स्थानीय तहबाट नै योजना प्रस्ताव माग गरी ती योजनालाई प्रदेशको बजेटमा समावेश गरिनेछ। योजना कार्यान्वयन स्थानीय तहले नै गर्ने भए पनि भुक्तानी प्रक्रिया भने प्रदेश सरकारमार्फत हुने गरी नयाँ नीति बनाउने तयारी गरिएको अर्थमन्त्री यादवले बताए।

मधेश सरकारले यसपटक बजेट निर्माणमा पारदर्शिता र परिणाममुखी कार्यान्वयनलाई केन्द्रमा राखेको जनाएको छ। बजेटको आकार सानो भए पनि प्रभावकारी कार्यान्वयनमार्फत विकासलाई गति दिने सरकारको दाबी छ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)

# नेकपाले सार्वजनिक गऱ्यो एकता राष्ट्रिय महाधिवेशनको कार्यतालिका

अपन दैनिक संवाददाता
काठमाडौं, वैशाख १९ गते

नेपाली कम्युनिष्ट पार्टीले आगामी मङ्सिरमा एकता राष्ट्रिय महाधिवेशन आयोजना गर्ने घोषणा गरेको छ।

पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा बसेको केन्द्रीय कार्य संयोजन समितिको बैठकले आगामी मङ्सिर ११ देखि १५ गतेसम्म काठमाडौंमा महाधिवशेन गर्ने निर्णय गरेको हो।

उक्त कार्यतालिका शनिबार पार्टीले विज्ञप्तिमार्फत जानकारी गराएको हो।

आगामी साउन मसान्तसम्म पार्टी सदस्यता नवीकरण तथा सदस्यता विस्तार अभियान सञ्चालन गर्ने, भदौ १५ गतेसम्म वडा, भदौ १६ देखि मसान्तसम्म पालिका, असोज मसान्तसम्म जिल्ला र कात्तिक १५ गतेसम्म प्रदेश अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको सो पार्टीका प्रवक्ता



प्रकाश ज्वालाले जानकारी दिए।

आगामी जेठ मसान्तभित्र केन्द्र, प्रदेश, जिल्ला, स्थानीय पालिका, वडा तथा टोल तहसम्मका सङ्गठनात्मक र पार्टी तथा जनवर्गीय/मोर्चा सङ्गठनहरूको एकीकरण तथा समायोजन गरिसक्ने प्रवक्ता ज्वालाद्वारा शनिबार जारी विज्ञप्तिमा जनाइएको छ।

पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटी समानुपातिक र समावेशी मान्यताअनुसार निर्वाचित हुने र निर्वाचित कमिटीमा अनुभवी, प्रौढ र युवा तथा नवयुवाको समावेशीता रहने छ। युवा र नवयुवाको प्रतिनिधित्व ५० प्रतिशतसम्म पुऱ्याइने पार्टीले जनाएको छ।

नेकपाले नेताहरू देवप्रसाद गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रनध्वज लिम्बू, रेखा शर्मा, गणेश विश्वकर्मा, वरिष्ठ अधिवक्ताद्वय डा मुक्तिनारायण प्रधान र डा खिमलाल देवकोटा, अधिवक्ता जगदेव चौधरी, डम्बर बिक्रम कार्की र डा रामबहादुर चौधरी रहेको संविधान संशोधन सुझाव कार्यदल गठन गरेको छ।

पार्टी एकीकरणपश्चात गठन भएको कार्यसंयोजन समितिको गत चैत १९ देखि यही वैशाख १४ सम्म चलेको बैठकले पार्टीको अन्तरिम विधान-२०८२ अनुसार पार्टीको केन्द्रीय कार्यसमितिलाई पूर्णता दिने निर्णय गरेको प्रवक्ता ज्वालाले जानकारी दिए।

## गैरकानूनी हस्तक्षेप बन्द गर्न प्रधानमन्त्री शाहसँग ...........

कार्यक्रमहरूको भुक्तानी हाल केन्द्रको आदेश भन्दै रोकिएको छ,' मेयर साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छिन्।

नेपाल सरकारले यस्ता कार्यक्रमहरूको सहजीकरण गर्नुको सट्टा उल्टै कर्मचारीमार्फत हस्तक्षेप गरेर नगरपालिकालाई अस्तव्यस्त बनाउनु दुःखद भएको उनले जनाएकी छन्। प्रधानमन्त्री वालेन नेतृत्वको सरकारसंग यसबारेमा उनले स्पष्ट धारणा समेत माग गरेकी छन्।

'एकातिर माथिल्लो निकायको हवाला दिएर भुक्तानी रोकनू अर्कोतिर सताधारी पार्टीकै नेतृत्वमा अनैतिक एवं अस्वाभाविक चलखेल बढ्नु, यो कुनै पनि हिसाबले सही छैन। यस विषयमा केन्द्र सरकारको स्पष्ट धारणाको माग गर्दछु,' मेयर साहले भनेकी छन्।

सरकारले आफूखुशी हाकिम तोक्ने, ती हाकिमहरूले "माथिको आदेश" भन्दै कार्यक्रमको भुक्तानी रोक्ने, सशर्त बजेट कार्यान्वयनमा पनि अनावश्यक निर्णय खोज्ने र योजना कार्यान्वयनमा ढिलाइ गर्ने जस्ता अस्वाभाविक गतिविधिहरूले नगरपालिकाको कामकारवाही प्रभावहीन भइरहेको भन्दै उनले यस बारेमा प्रधानमन्त्री शाहको स्पष्ट धारणा माग गरेकी हुन्।

यसका साथै, नगरप्रमुखको परामर्श एवं निर्देशन बिना नै कार्यपालिकाको बैठक बोलाउने, बैठकको कार्यसूची आफैं निर्धारण गर्ने र बैठकको निर्णय प्रमाणित पनि उपप्रमुखबाट गराउन खोजने जस्ता गैरकानुनी क्रियाकलापहरू पनि शंकास्पद रहेको उनले जनाएकी छन्।

'यी र यस्ता गतिविधिहरूले गम्भीर प्रश्न खडा गरेका छन्। नेपाल सरकारले स्थानीय निकायमा पठाएका कर्मचारीहरू संविधान र कानुनअनुसार स्थानीय निकायप्रति जवाबदेही हुने हुन् कि संघीय मन्त्रालयको निर्देशनमा मनपरी गर्ने हुन् ?,' मेयर साहले प्रश्न गरेकी छन्।

पछिल्लो समय मौलापुर नगरपालिकाको लोक प्रिय कार्यक्रमहरुलाई बन्द गर्न गराउनका लागि संघीय सरकारका कर्मचारी, सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता, सरकार समेत लागेको आरोप लाग्दै आएको छ। पालिकाको लोकप्रिय कार्यक्रमहरुको भुक्तानी नगर्ने र रोक्ने षडयन्त्रका बिरुद्ध स्थानीय बासिन्दा चरणबद्ध आन्दोलनमा छन्।

## कमला बगरमा तरबुजा खेतीबाट आयआर्जन ..............

गाउँमा बस्ने थातथलोसमेत गाउँ ब्लकको पाँच धुर जग्गाबाहेक केही नरहेकी स्थानीय ४० वर्षीया गुलियादेवी सदाय भन्छिन्, 'बालुवा मात्र रहेको बगरमा मिहिनेत गरेर खेती गर्दा दुई-चार महिनाका लागि भए पनि जीविका चलाउन सहज हुन्छ।' पहिलोपटक पाँच कट्ठा बगरमा तरबुजा फलाएकी उनले त्यही बिक्री गरेर श्रीमान्, सासू, ससुरा, ६ बहिनी छोरीसहित १० जनाको परिवारलाई केही महिनाका लागि खर्च धान्न सहज हुने बताइन्।

**स्थानीय तहको छैन पहल, व्यापारी मालामाल**

कात्तिक शुक्ल पूर्णिमादेखि करिब दुई सातासम्म तरबुजाको बिउ उमारेर रोपेपछि बगरमै टहरा हालेर कुर्नुपर्ने, वेलावेलामा मलखाद, सिँचाइ गर्नुपर्ने भए पनि स्थानीय सरकारले बगरखेती प्रवर्द्धनका लागि कुनै पहल नगरेको स्थानीयको गुनासो छ। 'पालिका क्षेत्रमा लाखौं रुपैयाँ खर्चिएर सडक नाला बनाउने स्थानीय सरकार गरिब दलितले गर्ने बगरखेतीका लागि न बजेट छुट्याउँछ न त पहल नै गर्छ,' उनीहरू भन्छन्।

करिब आठ महिनासम्म दुःख गरेर फलाएको तरबुजा किन्न बगरमै व्यापारीहरू आउने भए पनि लागत मूल्यसमेत नउठ्ने गरी सस्तोमा किन्न खोज्ने उनीहरूको गुनासो छ। 'कम्तीमा ४० रुपैयाँ प्रतिकिलोमा नबेच्ने हो भने लागत मूल्यसमेत उठाउन सकिँदैन,' सदायले भनिन्, 'तर, व्यापारीहरू सस्तोमा किनेर सिरहा, लहान, गोलबजार, जनकपुर, ढल्केबरसम्म लगेर महँगोमा बेचेर मालामाल भइरहेका छन्।'

सिरहाको बेतहा, निर्दना, चतरी, बनिनियाँ, भोक्राहा, सारश्वर, बसबिट्टा, बडेर्वा, मानपुर तथा धनुषातर्फ किरतपुर, ढोलबजा, हरिने, लक्कर, हथमुन्डा गाउँका करिब एक हजार निम्न किसान तथा गरिब दलित घर परिवारले बगरखेती गरिरहेको कल्याणपुर नगरपालिका-४ परसाहीका दलित अगुवा सुलिन्दर सदायले बताए।

'सबैभन्दा नजिकको भनिएको स्थानीय सरकारले आफ्नो पालिका क्षेत्रका गरिब र निम्न अवस्थाका नागरिकको आर्थिक हैसियत उकास्न बगर खेती प्रवर्द्धन कार्यक्रमका लागि नीति तथा कार्यक्रम र बजेटसहित तालिम, बिउबिजन, अनुदानको मलखाद उपलब्ध गराउनुपर्छ,' उनले भने। त्यसबाहेक बगरको झाडीमा लुकेर बस्ने बँदेल, नीलगाईले राती खेतीमा क्षति पुऱ्याइरहेकाले नियन्त्रणका लागि स्थानीय सरकारले सम्बन्धित निकायसँग पहल र समन्वय गरिदिनुपर्ने उनको माग छ।

स्वदेशी वस्तुको प्रयोग गरौं।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं!

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोलबजार
मधेश प्रदेश, सिरहा (नेपाल)

# ११० कानुन संशोधन गर्ने अध्यादेश जारी, कुन-कुन निकायका पदाधिकारीहरू हुँदैछन् पदमुक्त

अपन दैनिक संवाददाता
काठमाडौं, वैशाख १९ गते

राष्ट्रपति रामचन्द्र पौडेलले सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ जारी गरेका छन्। अध्यादेशमार्फत विभिन्न १ सय १० वटा कानुन परिमार्जन गरिएको छ।

राष्ट्रपति पौडेलले शनिबार सो अध्यादेश जारी गरेसँगै विभिन्न नियामक निकाय, सार्वजनिक संस्था तथा राज्यका अन्य अंगहरूमा कार्यरत करिब १ हजार ५ सय ३४



पदाधिकारी पदमुक्त हुने भएका छन्।

एकैपटक ठूलो संख्यामा सार्वजनिक पदाधिकारी पदमुक्त हुने व्यवस्थासहित जारी गरिएको अध्यादेशले प्रशासनिक संरचनामा व्यापक प्रभाव पार्ने बुझिएको छ।

### कुन कुन निकायका पदाधिकारीहरू हुँदैछन् पदमुक्त ?

१. नेपाल वायुसेवा निगम
२. राष्ट्रिय समाचार समिति
३. कर्मचारी सञ्चय कोष
४. गोरखापत्र संस्थान
५. नेपाली भाषा प्रकाशन संस्थान,
६. चलचित्र जाँच समिति
७. सञ्चार संस्थान ऐन
८. शिक्षक सेवा आयोगका
९. गुठी संस्था र त्यसका समिति
१०. राष्ट्रिय प्रकृति संरक्षण कोष
११. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
१२. नेपाल विद्युत् प्राधिकरण
१३. लुम्बिनी विकास कोष
१४. नेपाल संस्कृति विश्वविद्यालय
१५. पशुपति क्षेत्र विकास कोष
१६. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
१७. आयुर्वेद चिकित्सा परिषद्
१८. काठमाडौं उपत्यका विकास प्राधिकरण
१९. राष्ट्रिय बीउबिजन समिति
२०. नेपाल खानेपानी संस्थान
२१. नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान
२२. नागरिक लगानी कोष
२३. प्रेस काउन्सिल
२४. नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान
२५. कृषि अनुसन्धान परिषद्
२६. राष्ट्रिय दुग्ध विकास बोर्ड
२७. काठमाडौं विश्वविद्यालय
२८. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
२९. बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
३०. स्तनपान संरक्षण तथा सम्वर्द्धन समिति
३१. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
३२. समाज कल्याण परिषद्
३३. त्रिभुवन विश्वविद्यालय
३४. विश्वविद्यालय अनुदान आयोग
३५. नेपाल स्काउट
३६. पूर्वाञ्चल विश्वविद्यालय
३७. पत्रकार न्यूनतम पारिश्रमिक निर्धारण समिति
३८. नेपाल नर्सिङ परिषद्
३९. नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था
४०. नेपाल स्वास्थ्य व्यवसायी परिषद्
४१. बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल
४२. पोखरा विश्वविद्यालय
४३. दूरसञ्चार प्राधिकरण
४४. नेपाल नागरिक उड्डयन प्राधिकरण
४५. नगर विकास कोषका कार्यकारी निर्देशक
४६. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
४७. अन्तर्राष्ट्रिय वित्तीय कारोबार प्रवर्द्धन समिति
४८. भवन निर्माण तथा व्यवस्था सुदृढिकरण समिति
४९. नेपाल इन्जिनियरिङ्ग परिषद्
५०. नेपाल पशु चिकित्सा परिषद्
५१. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्
५२. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
५३. नेपाल फार्मेसी परिषद्
५४. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
५५. सडक बोर्ड
५६. धितोपत्र बोर्ड
५७. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्ड
५८. सूचना प्रविधि न्यायाधिकरण र त्यसको पुनरावेदन न्यायाधिकरण
५९. लुम्बिनी बौद्ध विश्वविद्यालय
६०. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
६१. सार्वजनिक खरिद पुनरावलोकन समिति
६२. सूचना आयोग
६३. वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
६४. बिरूवा क्वारेन्टाइन समिति
६५. नेपाल ट्रष्टको सञ्चालक समिति
६६. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
६७. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान
६८. नेपाल सङ्गीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठान
६९. नेपाल प्रज्ञा प्रतिष्ठान
७०. सुदूरपश्चिम विश्वविद्यालय
७१. मध्यपश्चिम विश्वविद्यालय
७२. कृषि तथा वन विज्ञान विश्वविद्यालय
७३. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
७४. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
७५. सत्य निरूपण तथा मेलमिलाप आयोग
७६. राष्ट्रिय युवा परिषद्
७७. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
७८. नेपाल खुला विश्वविद्यालय
७९. निक्षेप तथा कर्जा सुरक्षण कोष प्रवन्ध समिति
८०. विशेष आर्थिक क्षेत्र प्राधिकरण
८१. केन्द्रीय श्रम सल्लाहकार परिषद
८२. सामाजिक सुरक्षा कोष
८३. विपद् व्यवस्थापन प्राधिकरण
८४. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान
८५. स्वास्थ्य बीमा बोर्ड
८६. राजर्षि जनक विश्वविद्यालय
८७. अपाङ्गता राष्ट्रिय निर्देशन समिति
८८. राष्ट्रिय सहकारी नियमन प्राधिकरण
८९. लगानी बोर्ड
९०. राष्ट्रिय जनस्वास्थ्य समिति
९१. नेपाल मेडिकल काउन्सिल
९२. राष्ट्रिय चिकित्सा शिक्षा आयोग
९३. जीवनाशक विषादी व्यवस्थापन समिति
९४. वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्
९५. औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड
९६. संघीय भू-उपयोग परिषद्
९७. विज्ञापन बोर्ड
९८. परमाणविक अनुसन्धान केन्द्र
९९. राष्ट्रिय खेलकुद परिषद्
१००. विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालय
१०१. बीमा प्राधिकरण
१०२. नेपाल प्रत्यायन केन्द्र
१०३. रेल्बे बोर्ड
१०४. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्
१०५. मदन भण्डारी विश्वविद्यालय
१०६. खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समिति
१०७. शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय
१०८. सुरक्षण मुद्रण केन्द्र
१०९. सार्वजनिक सेवा प्रशारण संस्था

# एसईईको नतिजा वैशाख अन्तिममा

अपन दैनिक संवाददाता
सिरहा, वैशाख १९ गते

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशनका लागि तयारी तीव्र पारेको छ।

चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको एसइईको उत्तरपुस्तिका जाँचेर सकिएको र अहिले टेबुलेसनको काम भइरहेको स्रोतले जानकारी दिएको छ। वैशाखको २८ वा २९ गते नतिजा प्रकाशन हुनेछ।

स्रोतले भन्यो, 'सबै उत्तरपुस्तिका जाँचेर सकिएको छ। अहिले टेबुलेसनको काम भइरहेको छ। वैशाखको २८ वा २९ गते नतिजा प्रकाशन गर्छौं।'

विगतमा परीक्षा सकिएको तीन महिनाभित्र नतिजा प्रकाशन हुने गरेको थियो। यसपालि भने बोर्डले एक महिनाभित्रै नतिजा सार्वजनिक गर्न लागेको हो।

एसइई परीक्षामा मुलुकभरबाट ५ लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी भएका थिए।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।